

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नें छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन १६ गते मंगलबार ❑ 1 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## दृष्टिविहीनले गरे प्याराग्लाईडिङ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

प्याराग्लाईडिङ साहसिक खेलका रुपमा चिनिन्छ। साहसिक खेलकुदमा रमाउनेले मात्रै यो गर्छन्। अधिकांश भने प्याराग्लाईडिङ गर्न डराउँछन् । अर्थात प्याराग्लाईडिङ गर्न जोकोहिको आँट नै आउँदैन । तर आँट, हिम्मत र साहस भयो भने सजिलै गर्न सकिन्छ भन्ने उदाहरण दृष्टिविहीनहरुले प्रस्तुत गरेका छन् ।

पोखराको आकाशमा सोमबार दुई विदेशीसहित १० जना दृष्टिविहीनहरुले हावामा कावा खाँदै प्याराग्लाईडिङ गरे । यसको चाँजोपाँजो मिलाएको थियो ' ब्लाईन्ड रक्स' संस्थाले । ती साहसी दृष्टिविहीन्हरुमा संस्थाकी संस्थापकसमेत रहेकी सृष्टि केसी, सम्भवी दवाडी (सुनिता), नारायणी दवाडी, मीना भुजेल, मोम्सरा सुनार, चाँदनी शर्मा र रोजिना घिमिरे तथा दुई विदेशी क्रिष्टोफर जे जोन्स र थोमस सिड्लिङ । उनीहरुसँगै अमीता खड्का, वासिम अन्सारी र सहबाज अन्सारीलेपनि प्याराग्लाईडिङ गरेका थिए । उनीहरुलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य पुगेर हौसला प्रदान गरेका थिए ।

दृष्टिविहीन् होस् वा अपाङ्गता भएका जोकोहि सक्षम हुन्छन् भन्ने सन्देश दिनका लागि आफूहरुले सामुहिक प्याराग्लाईडिङ गराएको ब्लाईन्ड रक्सकी संस्थापक सृष्टि केसीले बताईन् । जीवनको उचाईमा पुग्न वा जीवनको सफलता चुम्नका लागि अपाङ्गता र दृष्टिविहीनताले छेक्दैन भन्ने



सन्देश प्याराग्लाईडिङ गरेर दिनु थियो, उनले भनिन्, 'त्यसमा हामी सफल भएका छौं ।'

व्यक्तिगत रुपमा आफ्नो प्याराग्लाईडिङको दोश्रो अनुभव भएको बताउँदै उनले भनिन्, ४/५ वर्ष अघि मैले पहिलोपटक प्याराग्लाईडिङको अनुभव लिएको थिएँ । त्यतिबेलादेखि नै म मा आत्मविश्वास, एउटा सकारात्मक सोंच र उत्साह भरेको थियो । त्यसैले यो म आफूमा मात्र सिमित गर्न चाहन्न थिएँ । आज आफ्नै संस्थामार्फत अन्य ११ जनालाई यो अवसर प्रदान गर्न सफल भयौं ।'

प्याराग्लाईडिङ गर्दाको अनुभव शव्दमा व्यक्त गर्न नसकिने खालको भएको उनले बताईन् । जीवनमा जोकोहिको सपना हुन्छ कि बादल भन्दा माथि माथि उड्ने, उनले थपिन्, 'म आज त्यहि सपना पूरा गरिरहेकी थिएँ । म बादललाई स्पर्श गरिरहेकी थिएँ । यसका लागि पाईलट कृष्ण सरलाई धेरै धेरै धन्यवाद ।' आकाशमा हावामा कावा खाँदै उड्दा आफूले सुन्दर पोखरालाई नजिकबाट अनुभूति गरेको बताईन् । 'उड्दै गर्दा पाईलटले गरेको डिस्क्राईब, मन्दमन्द लागेको घाम, शितल हावालाई मैले मनमा महशुष गरेँ । त्यसलाई मैले मनको दृश्यमा कैद गरेँ । मैले साँच्चिकै सुन्दर पोखरालाई नजिकबाट अनुभूति गरेँ'-उनले भनिन् । जीवनमा उचाईमा पुग्न, जीवनमा सफलता हात पार्न दृष्टिविहीनमा सिमित हुन नहुने सृष्टि बताउँछिन् । 'त्यो भयोभने हामी माथि उठ्न सक्छौं । त्यो भन्दा माथि उड्न सक्छौं'- उनले भनिन् । 'जीवनमा सपना देख्नका लागि आँखा होईन, हिम्मत चाहिन्छ' भन्दै उत्प्रेरणा भर्ने सृष्टि आत्मबल भयो भने मान्छे कहिल्यै अपाङ्गता र दृष्टिविहीन् नहुने बताउँछिन् । उनी भन्छिन्,' आत्मबललाई सबल पक्ष ठानेर, मानेर अघि बढ्नु पर्छ । यसो भयो भने कुनैपनि पक्षमा हामी पछि पर्दैनौं र पर्नुपनि हुँदैन ।'

सृष्टिसँगै प्याराग्लाईडिङ गर्ने काठमाडौं मूलपानीकी सुनिता दवाडीले प्याराग्लाईडिङ गर्दा आफूहरुले सोंच्दै नसोंचेको सफलता चुमेजस्तो अनुभूति गरेको बताईन् । त्रिभूवन अर्न्तराष्ट्रिय विमानस्थलमा टेलिफोन अप्रेटरको रुपमा काम गर्ने सुनिताको यो प्याराग्लाईडिङको पहिलो अनुभव थियो । उड्नुअघि के होला र कसो होला भनेर मनमा कुरा खेलाएकी उनले भनिन्,'प्याराग्लाईडिङका बारेमा धेरैथरी कुरा सुनेकी थिएँ । गर्नेबेला के होला भन्ने लागिरहेको थियो । तर आकाशमा हुँदा एकदम रमाइलो भयो । हावाको प्रेसर (चाप)ले माथि माथि गएको, तल झरेको सबै थाहा हुँदो रहेछ ।' अरुले उडेको सुन्दा आफूलाईपनि उड्न मन लागेको बताउने उनी भन्छिन्,'उहिलेदेखि नै उड्ने प्लान थियो । कहिले उड्न पाइएला भन्ने लागेको थियो । आज बल्ल पूरा भयो ।' प्याराग्लाईडिङ भन्ने वित्तिकै डरलाग्दो हुन्छ भन्ने ठानेकी बागलुङ घर भई पोखराको पृथ्वीनारायण क्याम्पसमा स्नातक तहमा अध्ययनरत चाँदनी शर्मापनि प्याराग्लाईडिङ गर्दाको अनुभव जीवनकै सबैभन्दा अविस्मरणीय रहेको बताउँछिन् ।

आकाशमा के हुन्छ होला, कस्तो हुन्छ होला भन्ने डरले सताईरहेको थियो,उनले भनिन्,'तर गाडीको सिटमा बसेर यात्रा गरेजस्तो मात्र भयो । फ्रेस हावाले मन नै आल्हादित भयो । यो अनुभवलाई म शब्दमा वर्णन गर्न सक्दिन ।' जीवनमा हावामा कावा खाँदै बादलको माथि माथि आकाशमा उडिएला भनेर त मैले कहिल्यै सोंचेकै थिईन,उनले भनिन्,'तर आज एक्कासी पूरा भयो । मेरो त खुशीको सीमा नै छैन ।'

## समाजको सन्तुलित विकासका लागि राज्य मात्र होइन हरेक क्षेत्र लाग्नुपर्छः अर्थमन्त्री आलेमगर

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन




गण्डकी प्रदेशमा 'नेपालमा महिला सम्भावना र चुनौति' विषयक प्रदेश स्तरीय सम्मेलन सम्पन्न भएको छ । नेपाल सारथि फाउन्डेसन र इक्नोमिक्स हब नेपालको संयुक्त आयोजनामा आइतबार पोखरा सभागृह हलमा सम्मेलन भएको हो ।

सम्मेलनको उद्घाटन गर्दै गण्डकी प्रदेशका अर्थमन्त्री जित प्रकाश आले मगरले महिला स्वयम् सशक्तिकरण हुन आवश्यक रहेको बताए । उनले राज्यको हरेक तहमा पुरुष भन्दा महिलाको उपस्थिति ज्यादा रहेको र सबै काम राज्यले मात्र गर्नुभन्ने भन्ने भावनाबाट बाहिर निस्किन आग्रह गरे । उनले समाजको सन्तुलित विकासका लागि राज्यमात्र नभई हरेक क्षेत्र लाग्नुपर्नेमा जोड दिए । उनले महिलाको वर्तमान अवस्थासँग जुध्न सक्यो भनेमा उदेश्य प्राप्ती हुने बताए ।

यस्तै पोखराका मेयर धनराज आचार्यले पोखरामा सान्दर्भिक र महत्वपूर्ण कार्यक्रम गरेकोमा धन्यवाद व्यक्त गर्दै महानगरले गर्नुपर्ने सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरे । उनले महिलाको सवालमा महानगर सधैं काम गर्न तत्पर रहेको सुनाउँदै अन्धविश्वासबाट टाढा भएमा परिवर्तन हुन सक्ने बताए । सारथि फाउन्डेसनका सिइओ आयुष अधिकारीले प्रादेशिक सम्मेलन सकिएपछि राष्ट्रिय सम्मेलन गर्ने बताए । नेपालमा महिलाको कस्तो अवस्था छ भन्ने बारे बुझ्न कार्यक्रमको आयोजना गरेको उनले सुनाए । उनले नेपालमा महिलाको शिक्षा, स्वास्थ्यको अवस्था बारे बुझ्नका लागि कार्यक्रमको आयोजना गरेको बताए । शुभारम्भ नेपालकी अध्यक्ष शोभादेवी भण्डारीले आफुहरुले लामो समयदेखी महिलाको आवाज वुलन्द पार्दै आएको सुनाइन् । दुरदराजका महिलाहरु अझैपनि लुटिने स्थिति रहेको र राज्यले त्यसतर्फ ध्यान नदिएको उनले बताइन् । राज्यले दिएको ३३ प्रतिशतको कार्यान्वयन नभएको उनले गुनासो पोखिन् । राज्यको संयन्त्रमा र सहभागितामा हेर्दा न्याय पुर्ण सहभागिता हुन नसकेको उनको भनाई छ ।

कार्यक्रममा लक्ष्मी दाहाल, डा विनोद विन्दु शर्मा, मोतिलाल तिमिल्सिना, डा अञ्जली सुवेदी, डा सरस्वती, विना सिवाल, कोपिला नेपाल डाइरेक्टर शोभा भण्डारि लगायतको सहभागिता रहेको थियो । सम्मेलनमा शुभारम्भ नेपाल, योंग इकोनोमिस्ट सोसाइटी नेपाल र आशीर्वाद क्लब अफ नेपालले सहआयोजकमा साथ दिएको सम्मेलनका निर्देशक अंकित सुवेदीले जानकारी दिए । सम्मेलनमा अवसर, स्वास्थ्य र कानुनका विषयमा अन्तरक्रिया भएको थियो । महिलाका लागि अवसर सिर्जना गर्नु, उनीहरुको स्वास्थ्यमा ध्यान दिन र महिलालाई कानुनका विषयमा ज्ञान दिनु सम्मेलनको मुख्य उद्देश्य रहेको निर्देशक सुवेदीले बताए । काठमाडौंमा भदौ २९ गते अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ ।

## कभर्डहल र क्रिकेट खेल मैदानको सम्भव्यता अध्ययन गर्न परिषदले बनायो उपसमिति

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

प्रदेश खेलकुद परिषद गण्डकीले गण्डकी प्रदेशमा कभर्डहल निर्माण र क्रिकेट खेल मैदानको सम्भव्यता अध्ययन गर्ने भएको छ ।

परिषदको सोमबार बसेको कार्यकारी समितिको बैठकले उक्त निर्णय समेत गरेको हो । परिषदका सदस्य सचिव श्रीधर शर्माको अध्यक्षतमा सम्पन्न बैठकले कभर्डहल निर्माण र क्रिकेट खेल मैदानको सम्भव्यता अध्ययन गर्न परिषदका कार्यकारी सदस्य ऋषीराम गौतमको संयोजकत्वमा ५ सदस्यिय


बाँकी अन्तिम पृष्ठमा ▶▶


## विश्वकर्मा समाज (पर्वत, स्याङ्जा, कास्की) द्धारा एसइई उत्तीर्ण विद्यार्थीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

विश्वकर्मा समाज (पर्वत, स्याङ्जा, कास्की)द्वारा २०७९ सालको एसईईमा उत्तीर्ण विश्वकर्मा समुदायका छात्रछात्राहरुलाई सम्मान कार्यक्रम समाजका अध्यक्ष चन्द्रकिशोर गौतमको सभापतित्व र गण्डकी प्रदेशका माननीय सांसद गोविन्द बहादुर नेपालीको प्रमुख आतिथ्यतामा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा विश्वकर्मा समुदायका ५५ जना विद्यार्थीहरुलाई सम्मान गरिएको थियो । सम्मानित सभामा प्रमुख अतिथि गोविन्दबहादुर नेपालीले समाज र राष्ट्र परिवर्तनमा विश्वकर्मा समुदायको ठूलो योगदान रहेको बताए । राजनीतिका लागि दलहरुको स्थापना नहुँदै बागलुङका भगत सर्वजित विश्वकर्माले जातिय आन्दोलन शुरु गरेका थिए । अझैपनि देशमा भएका विश्वकर्माहरु एकजुट भई आफ्नो हक अधिकारका लागि अगाडि बढिरहनुपर्नेमा जोड दिए । यसरी लागिरहँदा मिजार



समुदाय, परियार समुदाय र अन्य समुदायलाई पनि एकसाथ लिई अगाडि बढ्नुपर्छ, एकता बिना आन्दोलन सफल हुन नसक्ने बताए । एसईई दिएर उच्च शिक्षा हासिल गर्दै गर्दा समाजमा रहेका विकृति विसंगतिसँग जुधेका कुरा बिर्सनु हुँदैन । सँगसँगै समाज रुपान्तरण पनि सहयोग पुऱ्याउनु पर्नेमा बताए ।

समाजका सल्लाहकार एवम् जिल्ला प्रहरी कार्यालय कास्कीमा कार्यरत डिएसपी श्रवण कुमार विश्वकर्माले शिक्षाले नै मानिसलाई सक्षम बनाउँछ, शैक्षिक ज्ञानसँगै व्यहारिक ज्ञान सँगै व्यवहारिक ज्ञान लिन जरुरी छ भन्दै जीवन उपयोगी प्रशिक्षण मूलक मन्तव्य राख्नुभएको थियो । त्यसैगरी पत्रकार कमल पौडेलले समाजका गतिविधिहरुले क्रियाशीलतालाई अगाडि बढाई परिवर्तनको सम्वाहक बन्नुपर्ने बताउनुभयो । स्याङ्जाली सम्पर्क समाजका अध्यक्ष एवम् सल्लाहकार तारा गौतमले समाजले छोटो समयमा उत्कृष्ट कार्यक्रम गर्न सकेकोमा बधाई दिँदै हर बखत सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रममा विश्वकर्मा सेवा समाजका अध्यक्ष भविन्द्र विश्वकर्मा, सिटीईभिटीका प्रशासकीय अधिकृत आशा विश्वकर्मा, फेडोका (द.म.संघ) कार्यक्रम संयोजक ईश्वरी वि.क. समाजका सल्लाहकार रामबहादुर सुनार (पूर्व वडाध्यक्ष), त्यसैगरी अलकापुर टोल विकास संस्थाका अध्यक्ष बेल बहादुर वि.क., ममिता गौतम स्मृति प्रतिष्ठानका अध्यक्ष ऋषिराम विश्वकर्माले समाजका यस्ता कार्यक्रमहरुले चेतना बढाउनुका साथै राम्रो सन्देश दिने कुरा बताउनुभयो । कार्यक्रमका सभापति चन्द्रकिशोर गौतमले समाज स्थापना गर्नुको उद्देश्य, शिक्षा स्वास्थ्य बेरोजगारी जस्ता समस्या र तिनका समाधानका लागि प्रशिक्षण, अन्तरक्रिया गरी ठोस कदम चाली समुन्नत समाज निर्माण गर्ने लक्ष्य लिएको बताउनुभयो ।

कार्यक्रममा समाजका कोषाध्यक्ष धनबहादुर सुनारले आर्थिक नियमावली प्रस्तुत गर्दै समाजका सदस्य बिरामी भई उपचार गर्दा समाजको सहयोग रहने, मर्दा पर्दा सदस्यको परिवारलाई १० हजार राहत प्रदान गरिने बताउनुभयो ।

कार्यक्रम सञ्चालन समाजका सचिव खडक बहादुर सुनार रसाइलीले गर्नुभएको थियो । कार्यक्रममा समाजका उपाध्यक्ष श्याम बहादुर रसाइलीले धेरै भन्दा धेरै विद्यार्थी सहभागी गराउने उद्देश्य हुँदाहुँदै पनि मौसमको प्रतिकूलताका कारण सहभागी गराउन नसकिएको जानकारी दिँदै आगामी दिनमा समाज केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिने जानकारी दिए ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्तर्राष्ट्रिय खेल आयोजक संस्थाहरुसँग परिषद्को अन्तर्क्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

प्रदेश खेलकुद परिषद गण्डकीले पोखरामा आयोजना हुने विभिन्न खेलका आयोजक संस्थाहरुसंग अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ।



परिषदले पोखरामा आयोजना हुने खेलहरुलाई थप व्यवस्थित र उपलव्धिमुलक बनाउन छलफल आयोजना गरेको हो । सो कार्यक्रममा बोल्दै परिषदका सदस्य सचिब श्रीधर शर्माले ऋंखलाका रुपमा पोखरामा आयोजना हुँदै आएका अन्तर ीष्ट्रिय प्रतियोगिताहरुलाई सफल बनाउन समन्वयको खाँचो भएको बताए । उनले भने-“यहाँहरुको आयोजनाले पोखरालाई मात्रै नभई समग्र गण्डकी प्रदेशलाई खेलकुदको माध्यमबाट चिनाउन भूमिका खेलेको छ । तर यि खेलहरुलाई सफल बनाउन परिषद समन्वयकारी भूमिका खेल्न तयार छ।”

सबै आयोजक संस्थाहरुलाई खेलकुद विकास ऐन अन्तर्गत स्विकृती लिन आग्रह गर्दै सदस्य सचिव शर्माले प्रदेश सरकारले प्रदेशको खेलकुद विकासका लागि लिएको नितिलाई सफल बनाउन सबैको उत्तिकै प्रमुख दयित्व रहेको उल्लेख गरे । “हामी खेलकुद विकासका लागि एउटै डुङ्गामा यात्रा गरिरहेका छौं। यहाँहरुले आयोजना गर्ने खेल गतिविधिहरुको संस्थागत विकास गर्न परिषदको भूमिका, कार्यक्रमको प्रचार प्रसार लगायतका विषयमा हामी नयाँ योजनासहित वातावरण बनाउन परिषद सहयोग गर्न तयार छ”- उनले भने।

सो अवसरमा बोल्दै नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले पोखरामा आयोजना हुँदै आएको पोखरा अन्तर ीष्ट्रिय म्याराथनले विश्वका खेलाडीहरुको ध्यानकृष्ट गर्न सफल भएको बताए । ३० भन्दा वढि देशका धावकहरुको सहभागितामा आयोजना भइरहेकोप्रतियोगितालेसामाजिक र सांस्कृतिक रुपमा समेत उत्तिकै सफल भएको बताउँदै पछिल्ला दिनमा म्याराथनलाई प्रविधि मैत्री बनाउँदै लगिएको उल्लेख गरे । पोखरामा आयोजना हुने अन्तर्राष्ट्रिय प्रतियोगिता मध्येको एक पोखरा म्याराथनलाई तिनै तहको सरकारबाट सहयोग प्राप्त भइरहेको बताउँदै सबै खेलहरुको स्थायित्वका लागि परिषदको भूमिका महत्वपूर्ण हुने कुरा उनले औंल्याए । मञ्चले आगामी दिनमा एकेडेमी मार्फत एथलेटिक्स खेलाडी उत्पादन गर्नेतर्फ योजना समेत बनाएको उनले जानकारी दिए।

यसै गरी टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण शर्माले आफ्नो संस्थाले अन्तर्राष्ट्रिस्तरका खेलाडीलाई पोखरामा आमन्त्रण गरेर आयोजना भइरहेको प्रतियोगिता केवल आयोजनाका लागि मात्रै नभई यूवा पुस्ता माझ अन्तर ीष्ट्रिय खेलाडीहरुको प्रत्यक्ष खेल हेरेर उनीहरुमा जागरुकता ल्याउन सहयोग गरेको बताए । टाइगर ग्रुपले भलिबल खेलको विकास संगै अन्य खेलकुद विकासमा सहयोग तथा रचनात्मक कृयाकलापमा समेत आफूलाई अघि बढाएको बताउँदै उनले अन्तर्राष्ट्रियस्तरका खेल आयोजकहरुको कार्यक्रमलाई तालिकामा राखेर बजेट विनियोजन गर्न आग्रह गरे।

यस्तै बगर भाइ खलकका महासचिव याम बहादुर गुरुङले संस्था १३ औं संस्करणको बगर भाइ खल एट ए साइड भेट्रान फुटबलको तयारीमा जुटिरहेको जानकारी दिँदै यस वर्ष ४०, ५० र ६० वर्ष भन्दा माथी उमेर समुह गरी तिन क्याटोगरीमा प्रतियोगिता हुने बताए । उनले संस्थाले गरिरहेका विभिन्न गतिविधि माथी प्रकाश पार्दै संस्थाले सञ्चालन गर्दै आएको ग्रासरुट फुटबल प्रशिक्षण लगायत अन्य कार्यक्रमका बारेमा जानकारी दिए । कार्यक्रममा सहारा क्लवका अध्यक्ष हरिराम गुरुङ ‘सुरज’, नेपाल प्याराग्लाइडिङ तथा ह्याङ्ग्लाइडिङ संघ ‘नेफा’ गण्डकीका अध्यक्ष बसन्तराज दवाडीलगायतले आफ्ना संस्थाले सञ्चालन गरिरहेका खेल गतिविधि माथी जानकारी गराउँदै परिषदले अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता आयोजक संस्थाहरुलाई बोलाएर जानकारी माग्नु महत्वपूर्ण रहेको बताए । सो अवसरमा प्रदेश खेलकुदका उपाध्यक्ष धोज कुमार गुरुङ, परिषदका कार्यकारी सदस्यहरु दिल बहादुर गुरुङ, ऋषीराम गौतम, तारामाया थापा मगरलगायत परिषदका सदस्यहरुको सहभागिता रहेको थियो।

## कभर्डहल...

उपसमिति गठन गरेको छ। सो उपसमितिको सदस्यमा कार्यकारी सदस्य तारामायाँ थापा मगर, परिषदका सदस्य केशव पाठक, विष्णुमायाँ गुरुङ र कार्यालय प्रमुख तोपलाल भुसाल रहेका छन्। बैठकले भदौ ३० गते सम्म सोको अध्ययन गरी प्रतिवेदन पेश गर्न समय तोकिएको परिषदले जनाएको छ। सम्पन्न बैठकले विभिन्न प्रतियोगिता सञ्चालन, खेलाडी कल्याणकारी कोषको व्यवस्थापन तथा खेलाडी सम्मान पदक नमुनाको कार्यविधि र मापदण्ड तयार गरी मन्त्रालयमा पेश गर्न सदस्य सचिव शर्माको संयोजकत्वमा ५ सदस्यिय उपसमिति गठन गरेको छ । उपसमितिको सदस्यमा कार्यकारी सदस्य दिल बहादुर गुरुङ, परिषदका सदस्य खगेन्द्र क्षेत्री, मन्त्रालयका कानुन अधिकृत सिर्जना आचार्य र परिषदका कार्यालय प्रमुख तोपलाल भुसाल रहेका छन् । यसै गरी बैठकले २०८० मा प्रदेश भित्र हुने खेल गतिविधि तथा प्रतियोगिताहरुको सञ्चालन र कार्यतालिका क्यालेण्डर निर्माण गर्न कार्यकारी सदस्य दिल बहादुर गुरुङको संयोजकत्वमा ५ सदस्यिय उपासमिति गठन गरेको परिषदले जनाएको छ । सोको सदस्यमा परिषदका सदस्य योगेन्द्र शेरचन, खगेन्द्र क्षेत्री, शुभकन्या गुरुङ, कार्यालय प्रमुख भुसाल र लेखा प्रमुख निलकण्ठ ढकाल रहेका छन्।

हालै राष्ट्रिय खेलकुद परिषदबाट प्रदेश खेलकुद परिषद अन्तर्गत आएका कर्मचारीहरुको व्यवस्थापन गर्न तथा परिषदलाई आवश्यक कर्मचारीहरुको लागि संगठन संरचना (ओएनएम) निर्माण गरी अघि बढ्ने परिषदले जनाएको छ।

सो ओएनएम निर्माण गर्न सदस्य सचिव शर्माको संयोजकत्वमा तिन सदस्यिय उपसमिति गठन गरिएको छ । समितिमा मन्त्रालयका कानुन अधिकृत आचार्य र परिषदका कार्यालय प्रमख भुसाल रहेका छन्।

# अब साँदल र कपुच विकट रहेन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका-१ को अन्तिम गाउँ हो साँदल र कपुचे। सेती नदीको मुहान क्षेत्रका यी दुई गाउँ भौगोलिक .रुपमा समेत विकट छन्।

साँदल र कपुचेलाई झन विकट बनाएको छ सेती नदीले। हिउँदमा नदीमाथि बनाइएको बाँस र काठका फड्केबाट नदी वारपार गरे पनि बर्खामा भने स्थानीयवासीले नदी तर्न सास्ती बेर्होनुपर्दछ । पुल नहुँदा नदी वारपारका लागि घुमाउरो र अप्ठ्यारो बाटो हिँड्नुपर्दछ, एक घण्टाको समय लाग्छ। अहिले भने झोलुङ्गे पुल बनेसँगै स्थानीयको जीवनचर्यामा सहज बनेको छ । पुल बनेसँगै एक घण्टाको बाटो पाँच मिनेटमै वारपार गर्न सकिन्छ । स्थानीयवासीसमेत उत्साहित बनेका छन् । कपुजे र साँदल जोड्ने गरी सेती नदीमाथि ७९ मिटर लामो झोलुङ्गे पुल बनाइएको हो। यस पुलको निर्माण तीन महिनामै सम्पन्न भएको छ। पुलको विसं २०७९ चैत २० गतेदेखि काम सुरु भएकामा गत असार २६ गते निर्माण सकिएर सञ्चालनमा आएको हो।

माछापुच्छे्र-१ का सरोजकुमार गुरुङले झोलुङ्गे पुल निर्माणले साँदलका नागरिक प्रत्यक्ष लाभान्वित भएको बताउनुभयो । उहाँका अनुसार विकट गाउँमा पुलबनेसँगै सुगममा परिणत भएको छ । उहाँले भन्नुभयो, “हिउँदयाममा अस्थायी व्यवस्था भए पनि वर्खामा यहाँका नागरिकले सेती वारपार गर्न ठूलो सास्ती र झन्झट थियो, समय पनि धेरै लाग्ने। अहिले झोलुङ्गे पुल बनेसँगै विकट गाउँ सुगम बनेको छ । स्थानीयको मुहारमा खुसी छाएको छ ।” पुल निर्माणका लागि माछापुच्छ्रे गाउँपालिकाले रु १७ लाख ७२ हजार ९९, टिविएसयु पोखराबाट रु १२ लाख १७ हजार बराबरका स्टिल पार्टस्, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट रु तीन लाख २० हजार एक सय ६९ र स्थानीय उपभोक्ताबाट जनश्रमदान रु एक लाख ८१ हजार तीन सय ६३ गरी कूल रु ३४ लाख ९१ हजार लागत रहेको माछापुच्छे्र-१ का वडाध्यक्ष इन्द्रबहादुर गुरुङले जानकारी दिनुभयो ।गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले गाउँपालिकाका विकट गाउँमा झोलुङ्गे पुल निर्माणलाई प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँले आवश्यकताका आधारमा पालिकाका अन्य वडामा समेत लागत साझेदारीमा पुल निर्माण गर्ने योजना रहेको बताउनुभयो।

# नेपाल विद्युत प्राधिकरणको वार्षिकोत्सवमा वृक्षारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

नेपाल विद्युत प्राधिकरणको ३८ औँ बार्षिकोत्सवको अवसरमा प्राधिकरणका कार्यालय तथा अन्य हाता भित्र वृक्षारोपण गरी मनाएको छ।



सोमबार सेती पावरहाउसबाट सुरु गरिएको सो कार्यक्रम गण्डकी प्रदेशका १३ वटै वितरण तथा उत्पादन केन्द्रमा विभिन्न जातका ३ सय बोटबिरुवाहरु वृक्षरोपण गरिएको नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका प्रशासन अधिकृत भोलानाथ शर्माले जानकारी दिनुभयो। रोपिएका विरुवामा कल्की, निम, धुपी, अमला, बर्रो लगायतका औषधी जन्य बोटबिरुवा रहेका छन् भने अन्य फलफूलका बोटबिरुवा समेत रोपिएको थियो।

नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका प्रादेशिक प्रमुख जगदिशचन्द्र जोशीले विश्वमा जलबायुको परिवर्तनका कारण ठूलो चुनौती आइरहेको बेला बातावरणीय सन्तुलनका लागि जनचेतना अभिवृद्धि गर्न केन्द्र देखि नै सो अभियान थालिएको बताउनुभयो। विद्युत प्राधिकरणले लाइन बिस्तारका क्रममा बाध्यताबशं रुख काट्दै आउँदा ओलचना हुने गरेको छ। यसबारेमा पोखरा केन्द्रका प्रमुख राजिव सिहंले लाइन बिस्तारको क्रममा बोटबिरुवा काट्नु पर्ने बाध्यता रहेको अवस्थामा प्राधिकरणले रुख काट्न मात्र होइन् रुख रोप्न पनि जान्दछ भन्ने सन्देश वृक्षारोपणले दिएको बताउनुभयो।

सो वृक्षारोपणको शुभारम्भ प्रादेशिक प्रमुख जोशी, पोखरा प्रमुख राजिव सिहं र तनहुँ प्रमुख मेखलाल जोशीले गर्नुभएको थियो।

उक्त वृक्षारोपण कार्यक्रममा प्राधिकरणका गण्डकी प्रदेश, पोखरा वितरण केन्द्र, सेती जलविद्युत आयोजना र कुडहर लगायतका कार्यालय प्रमुख तथा कर्मचारीहरुको सहभागीता रहेको थियो।

# पोखरा १२ मा तीन महिने ब्युटिशियन तालिम




**पोखरापत्र संवाददाता**
पोखरा, १५ साउन

पोखरा महानगरपालिका वडा नम्बर १२ को आयोजनामा तीन महिने ब्युटिशियन तालिम सम्पन्न भएको छ।

पोखराको बुद्धचोकमा रहेको वबि ब्युटि सलोन एण्ड ट्रेनिङ सेन्टरको प्राविधिक सहयोगमा वडा भित्र रहेका महिलाहरुलाई लक्षित गरी आयोजना गरिएको उक्त तालिमको समापन गर्दै पोखरा महानगरपालिका वडा नम्बर १२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले आगामी दिनमा पनि युवाहरुलाई लक्षित गरी विभिन्न सीपमुलक ब्यवशायीक तालिमहरुलाई निरन्तरता दिने वताए। सो अवसरमा वोल्दै तालिमका संयोजक शान्ती कोइरालाले पोखरा १२ भित्र रहेका महिला दिदी वहिनीहरुलाई लक्षित गरी तीन महिने ब्युटिशियन तालिमको आयोजना गरेको जानकारी दिइन। त्यस्तै तालिमका प्रशिक्षक सिनियर ब्युटिशियन तथा वबि ब्युटि सलोन एण्ड ट्रेनिङ सेन्टरका सञ्चालक बविता केसी कार्कीले युवा महिलाहरुले भोलिका दिनमा स्वरोजगार तथा आत्मनिर्भर हुनका लागी आजको दिनमा विभिन्न किसिमका सिपहरु सिक्न आवश्यक रहेको वताउदै आफ्नो संस्थाबाट समेत युवाहरुलाई स्वरोजगार गराउने उद्देश्यले ब्युटिशियन सम्बन्धी विभिन्न तालिमहरु विशेष छुटमा सञ्चालन गरिरहेको वताइन। त्यस्तै प्रशिक्षार्थी लक्ष्मी कोइरालाले वडाले आयोजना गरेको तीन महिने तालिममा सिकेको कुरालाई ब्यवहारमा उतारेर स्वरोजगार बन्ने अवसर प्रदान गरेकोमा वडा परिवारलाई धन्यवाद ब्यक्त गरिन।

समापन कार्यक्रमको सञ्चालन इन्दिरा भण्डारीले गरेकी थिइनभने प्रशिक्षार्थीको तर्फबाट गायली कुँबरले स्वागत मन्तब्य राखेकी थिइन। बवि ब्युटि सलोन एण्ड ट्रेनिङ सेन्टर बुद्धचोकमा सम्पन्न तालिममा १५ जना महिलाहरुको सहभागीता रहेको थियो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# न्यायालयलाई कमजोर नबनाऊ

नेपाल बार एसोसिएसनले अदालतमा रिक्त न्यायाधीश नियुक्ति गर्न सर्वोच्च अदालतका प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको ध्यानाकर्षण गराएको छ । बारले प्रधानन्यायाधीश कार्कीलाई पटकपटक भेटेर ध्यानाकर्षण गराएको छ । लिखित सुझाव पनि दिएको छ । सर्वोच्चमा छ जना न्यायाधीश रिक्त छन । उच्च अदालतमा छ जना मुख्य न्यायाधीश रिक्त छन । उच्च अदालतमा ४० भन्दा धेरै न्यायाधीशको पद रिक्त छ । जिल्ला अदालतमा ३५ भन्दा बढी न्यायाधीश पद रिक्त छ।प्रधानन्यायाधीश अवकास जानू एक महिनाअघि संबैधानिक परिषद्ले प्रधानन्यायाधीश नियुक्त हुनुपर्ने संविधानमा उल्लेख छ। प्रधानमन्त्री अध्यक्ष रहने संबैधानिक परिषद्ले संविधानको उल्लंघन गरेको छ । न्याय परिषद्को बैठकमा कानुन मन्त्रीले समय नदिएर न्यायाधीश नियुक्ति हुन सकेन । राजनीतिक व्यक्ति हावी हुने न्याय परिषद्को संरचना राखेर न्यायाधीश नियुक्तिमा सक्षम र न्यायिक मनका व्यक्ति खोज्न सकिदैन। गलत संरचना बोकेर न्यायालयको सुधार हुन सक्दैन ।

नेपाली उखान जब पर्यो राति बल्ल बुढी ताती भने जस्तै न्यायाधीश नियुक्तिका लागि सरोकारवालाले दबाब दिन थालेका छन।राष्ट्रिय मानव अधिकार आयोगले प्रधानन्यायाधीशसहित अदालतहरूमा रिक्त न्यायाधीशहरू नियुक्त गर्न सरकारलाई आग्रह गरेको छ। न्यायालयहरूमा लामो समयदेखि दरबन्दीबमोजिम न्यायाधीशहरूको नियुक्ति नहुँदा छिटो छरितो न्याय प्राप्त गर्ने नागरिकको संवैधानिक अधिकारको प्रचलनमा पर्न गएको असरप्रति आयोगको गम्भीर ध्यानाकर्षणसमेत जनाएको छ । 'सर्वोच्च अदालतमा विगतमा लामो समय प्रधानन्यायाधीश पद रिक्त रहेको तथा पुनः रिक्त हुने अवस्था सिर्जना हुन लागेको एवं सर्वोच्च अदालत र उच्च अदालतमासमेत रिक्त रहेका न्यायाधीशहरूको नियुक्ति प्रक्रियाका लागि नेपाल सरकारबाट समयमै पहल हुन नसक्दा न्याय निरुपणमा बाधा परेको छ। छिटो छरितो न्याय पाउने नागरिकको अधिकारको उपभोगमा प्रत्यक्ष असर परिरहेको छ। समयमै न्याय प्राप्त गर्न पाउनु मानव अधिकार, कानुनी शासन र लोकतन्त्रको मूल मर्म हो । स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकामार्फत नागरिकलाई छिटो छरितो रुपमा न्याय प्रदान गर्नु राज्यको दायित्व हो । तर दरबन्दी बमोजिम समयमै न्यायाधीश नियुक्ति हुन नसक्दा सबै सर्वसाधारण नागरिकको विशेष गरी न्यायिक अधिकारको उपभोगमा अवरोध सिर्जना भएको छ ।'

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवं कानुनी राज्यको अवधारणा संविधानको प्रस्तावनामै उल्लेख भएको स्मरण गराउँदै आयोगले संविधानको धारा २८४ (३) मा संवैधानिक परिषद्ले प्रधान न्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै नियुक्तिका लागि सिफारिस गर्नुपर्ने कुरा संझाएको छ । न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी संयुक्त राष्ट्र संघीय सिद्धान्त, १९८५ ले स्वतन्त्र र सक्षम न्यायपालिकाबाट स्वच्छ सुनुवाई गर्न पाउने नागरिकको अधिकारको सुनिश्चितता गरेको आयोगको भनाइ छ । 'न्यायिक आचरणसम्बन्धी बैंङ्गलोर घोषणापत्र तथा नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १७ ले न्याय प्रक्रियामा अनुचित ढिलाई गर्न नहुने कुराको उल्लेख गरेको छ।मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ७ र ८ मा समान कानुनी संरक्षण र उपचारको उल्लेख छ ।

यसतर्फ राज्यका सम्बन्धित निकायले ध्यान दिन नसक्दा अदालतमा न्याय निरुपणका लागि परेका हजारौं उजुरीहरु अनिश्चित रुपमा थन्किरहेका यावत समस्या मानवअधिकार आयोगले औंल्याएगको छ। आफ्नो जिम्मेवारीबाट भाग्दै गरेको सरकारलाई संझाउनु आयोगको कर्तब्य हो । नागरिकको छिटो छरितो न्याय प्राप्त गर्ने अधिकारको सम्मान गर्दै संवैधानिक व्यवस्थाबमोजिम प्रधानन्यायाधीश नियुक्ति प्रक्रियालाई समयमै अगाडि बढाउन र अन्य सबै अदालतमा न्यायाधीशहरूको नियुक्तिमा संवेदनशील भएर लाग्नु सरकारको प्राथमिक काम हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# किसानलाई पाडापाडी हुर्काउन १६ लाख र दूधमा ३६ लाख अनुदान

**रासस**
दमौली, १५ साउन

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले जिल्लाका किसानलाई पाडापाडी हुर्काउन रु १६ लाख अनुदान उपलब्ध गराएको छ । केन्द्रले गत आर्थिक वर्ष २०७९/८० मा उन्नत जातका भैंसीका पाडापाडी हुर्काउन रु १६ लाख अनुदान उपलब्ध गराएको हो ।

गत आवमा एक सय ६० किसानलाई जनही रु १० हजारका दरले अनुदान वितरण गरिएको केन्द्र प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । श्रेष्ठले भन्नुभयो, "पाडापाडी हुर्काउने कार्यक्रमअन्तर्गत किसानसँग आवेदन माग गरेको केही दिनमै अत्यधिक आवेदन आएको थियो, सबैलाई दिन सकेनौं । केहीलाई मात्रै दिएका छौं, बाँकी आवेदकलाई चालु आवमा दिन्छौं ।"

गत वर्षको मागका आधारमा चालु आवमा पाँच सय पाडापाडी हुर्काउनका लागि अनुदान दिने व्यवस्था मिलाइने श्रेष्ठको भनाइ छ। डा श्रेष्ठका अनुसार जन्मिएको दर्ता गरी हुर्किएको देखाएपछि कृषकले अनुदान पाउने व्यवस्था गरिएको छ । गण्डकी प्रदेश सरकारले उन्नत जातका भैंसी तथा गाईमा आत्मनिर्भर बन्न पाडापाडी तथा बाच्छाबाच्छी संरक्षण गर्ने कार्यक्रम अगाडि बढाएको थियो ।

गण्डकीप्रदेशसरकारकोआर्थिक सहयोगमा अनुदानको व्यवस्था गरिएको केन्द्रको भनाइ छ । हामीकहाँ मुर्रा जनाका भैंसी र जर्सी गाई भारतबाट आयात गर्नुपर्ने बाध्यता छ। केन्द्रका प्रमुख डा श्रेष्ठले भन्नुभयो, "अनुदान पाएपछि किसानले हुर्काउँछन्, यसले दीर्घकालीन रूपमा परनिर्भरता हटाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।" यसैगरी कार्यालयले दूध उत्पादनका आधारमा कृषकलाई अनुदान रकम वितरण गरेको छ । गत आवमा केन्द्रले किसानलाई रु ३६ लाख वितरण गरेको थियो । केन्द्रले आठ सहकारी संस्थामार्फत किसानलाई अनुदान वितरण गरेको हो। प्रतिलिटर रु दुई दशमलव ४५ का दरले अनुदान वितरण गरिएको डा श्रेष्ठले बताउनुभयो ।

व्यास नगरपालिका-१० स्थित दुम्सी दुग्ध उत्पादक सहकारी, शेवर दुग्ध उत्पादक सहकारी, व्यास नगरपालिका-१३ स्थित बेलवास दुग्ध उत्पादक सहकारी, भानु नगरपालिका-४ स्थित प्रगति दुग्ध उत्पादक सहकारी, व्यास नगरपालिका-१ स्थित चारकुने दुग्ध उत्पादक सहकारी, व्यास नगरपालिका-५ स्थित चिन्तुटार दुग्ध उत्पादक सहकारी, व्यास नगरपालिका-१३ स्थित पोखरीभञ्ज्याङ दुग्ध उत्पादक सहकारी र बन्दीपुर गाउँपालिका-५ स्थित याम्पा दुग्ध उत्पादक सहकारी संस्थामार्फत अनुदान वितरण गरिएको हो । अनुदानले किसान दुग्ध उत्पादनतर्फ आकर्षित भएको र जिल्ला दूधमा आत्मनिर्भर बन्न सहयोग पुगेको उहाँको भनाइ छ । डा श्रेष्ठले भन्नुभयो, "उत्पादनका आधारमा अनुदान दिँदा कृषकमा हौसला बढेको छ । पहिला कम उत्पादन गर्नेले अहिले धेरै उत्पादन गर्न थाल्नुभएको छ ।"

बन्दीपुर गाउँपालिका-१ का कृषक भोजनाथ पराजुलीले प्रदेश सरकार, स्थानीय सरकारमार्फत दुधमा अनुदान पाउँदा पशुपालन गर्न हौसला मिलेको बताउनुभयो। उहाँले भन्नुभयो, "उत्पादनका आधारमा अनुदान पाउँदा व्यवसायमा लगानी थप्न सहयोग मिलेको छ ।"

कार्यालय तथा सरोकारवाला निकायले पशुपालनमा अनुदानको व्यवस्था गरेपछि पछिल्लो केही वर्ष यता तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर बनेको छ । प्रतिव्यक्ति प्रतिवर्ष न्यूनतम ९१ लिटर दूध आवश्यक पर्नेमा तनहुँमा ११८ दशमलव ५४ लिटर उपलब्धता छ। त्यस्तै प्रतिव्यक्ति प्रतिवर्ष ९४ केजी मासु आवश्यक पर्नेमा ९४ दशमलव ४१ केजी मासु उपलब्धता छ। साथै ४८ गोटा अण्डा आवश्यक पर्नेमा ८२ दशमलव ५९ गोटा अण्डा उपलब्धता छ।

यो हिसाबले प्रति व्यक्तिका लागि दूधमा २७ दशमलव ५४ लिटर, मासुमा शून्य दशलमव ४९ केजी र अण्डामा ३४ दशमलव ५९ गोटा बढी उत्पादन भइरहेको कार्यालयले जनाएको छ।

# पर्यटनसम्बन्धी अधिकांश योजना अधुरा

**रासस**
म्याग्दी, १५ साउन

गण्डकी प्रदेशअन्तर्गतको पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयनमा ल्याएका अधिकांश योजना अधुरा छन् । मन्त्रालयले पर्यटन तथा उद्योग कार्यालय म्याग्दीमार्फत गत आवमा कार्यान्वयनमा ल्याएका २१ योजनामध्ये २०८०/८१ मा आठलाई मात्र निरन्तरता दिएको छ।

"म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको बेंसीगाउँदेखि नारच्याङ झरना पुग्न करिब एक किलोमिटर उकालो पैदलयात्रा गर्नुपर्छ", नारच्याङ झरना पदमार्ग योजनाअन्तर्गत उपभोक्ता समितिका अध्यक्ष चन्द्रप्रकाश फगामीले भन्नुभयो, "गत वर्ष पर्यटन कार्यालयको सहयोगमा एक सय ५० मिटर पदमार्ग निर्माण गरिएको हो ।" चालु आवमा उक्त योजनाका लागि बजेट विनियोजन नभएकाले पदमार्ग निर्माणको काम अधुरो बनेको उहाँले बताउनुभयो ।

झरना अवलोकन गर्न आउने पर्यटकलाई सहजरुपमा आवतजावत होस् भन्नका लागि विनियोजित बजेटले पदमार्ग निर्माण गरिएको भन्दै अध्यक्ष फगामीले बजेट अभावका कारण यस वर्ष काम अधुरो रहेको बताउनुभयो । "बजेट विनियोजन भएका आधारमा गत आवमा डेढ सय मिटर मात्र पदमार्ग बनायौं", उहाँले भन्नुभयो, "थप सात सय ५० मिटर पदमार्ग बनाउनुपर्ने छ । यस वर्ष बजेट विनियोजन नभएकाले सुरु भएको योजना अलपत्र परेको छ ।"

'मसिनाढुङ्गा-थाकनपोखरी पदमार्ग योजना'का लागि गत आवमा रू १५ लाख बजेट विनियोजन गरिएकामा यस वर्ष बजेटविहीन बनेको योजनाका अध्यक्ष हरिप्रसाद पौडेलले जानकारी दिनुभयो । "बेनी नगरपालिका-६ अन्तर्गत मसिनाढुङ्गा-थाकनपोखरी जोड्ने उक्त योजनाअन्तर्गत गत वर्षको बजेटले तोकिएको परिणामको काम भए पनि पूर्णता पाएको छैन", उहाँले भन्नुभयो, "यस वर्ष बजेटले निरन्तरता नपाउँदा निर्माणाधीन पदमार्ग अलपत्र बनेको छ।" विस्तृत सर्वेक्षणविना योजनाका लागि बजेट विनियोजन गरिएको भन्दै सुरु गरिएका पूर्वाधार निर्माणका योजनालाई निरन्तरता नदिँदा अधिकांश अलपत्र परेका पौडेलले बताउनुभयो । अधुरा योजनाबाट नागरिकले लाभ लिन नसक्ने भएकाले निर्माणाधीन कामका लागि बजेटको निरन्तरता आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो। जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयका प्रमुख पोषानाथ शर्माले बजेटले निरन्तरता नपाउँदा सुरु भएका योजनालाई पूर्णता दिन नसकिएको बताउनुभयो । "जति बजेट विनियोजन भएको थियो, त्यती बराबरको काम भए पनि योजनाले पूर्णता पाएका थिएनन", उहाँले भन्नुभयो, " चालु आवमा बजेटले निरन्तरता नपाउँदा धेरैजसो पर्यटकीय पूर्वाधार निर्माणसम्बन्धी योजना अधुरा भएका छन् ।"

प्रमुख शर्माका अनुसार गत वर्ष म्याग्दीका २० पर्यटकीयस्थलमा पदमार्ग, उद्यान, रेलिङ, भवनलगायत पूर्वाधार निर्माणका लागि रू एक करोड ९२ लाख विनियोजन भएकामा रू एक करोड ८८ लाख २२ हजार आठ सय ९८ खर्च भएको थियो । चालु आव २०८०/८१ म १८ योजनाका लागि रू एक करोड ५६ लाख विनियोजन भएको कार्यालयले जनाएको छ।

गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले यस वर्ष विनियोजन गरिएको बजेट घटेकाले पर्यटकीय पूर्वाधारका योजना पनि प्रभावित बनेका बताउनुभयो। "अति आवश्यक र पूर्णता दिनुपर्ने योजनाका लागि निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमअन्तर्गत समेट्ने प्रयास गर्छौं", उहाँले भन्नुभयो, "अन्य स्रोत र कार्यक्रमबाट बजेट व्यवस्थापन गरेर सुरु भएका अधुरा योजनालाई पूर्णता दिन पहल गर्छौं ।"

# १० जिल्लामा मात्र ८७ प्रतिशत बिरामी

**रासस**
काठमाडौं, १५ साउन

डेङ्गी भाइरसको सङ्क्रमण पाँच हजारभन्दा बढीमा देखिएको छ । तीमध्ये आधा जति सुनसरी जिल्लामा देखिएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

महाशाखाका निर्देशक रुद्रप्रसाद मरासिनीका अनुसार गत पुसयता मात्र पाँच हजार छ सय ८८ जनामा सङ्क्रमण देखिएको छ । सबैभन्दा बढी सुनसरी जिल्लामा तीन हजार चार सय ८६ जनामा डेङ्गीको सङ्क्रमण देखिएको छ। उहाँले लगातार परिरहेको पानीले गर्दा र सरसफाइमा ध्यान नदिँदा सङ्क्रमण दैनिक बढिरहेको बताउनुभयो । यही साउन १० गते चार हजार छ सय १९ जनामा देखिएको सङ्क्रमण त्यसपछिको पाँच दिनमा त्यो सङ्ख्या बढेर पाँच हजार छ सय ८८ मा पुगेको छ। डेङ्गी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्छ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गी रोग लाग्दछ । यसपटक कोशी प्रदेशमा सङ्क्रमण बढेको पाइएको छ। कोशी प्रदेशमा तीन हजार आठ सय २१, बागमती प्रदेशमा नौ सय ६२, गण्डकी प्रदेशमा तीन सय ५७, सुदूरपश्चिम प्रदेशमा तीन सय २५, लुम्बिनी प्रदेशमा एक सय ७०, कर्णाली प्रदेशमा २७ र मधेस प्रदेशमा २६ जनामा सङ्क्रमण देखिएको छ।

# व्यासमा घर नक्सा निःशुल्क सेवा

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ साउन

व्यास नगरपालिकाले विपन्न वर्गका व्यक्तिले पक्की घर बनाउँदा घरको नक्सा निःशुल्क निर्माण गरिदिन थालेको छ।

उक्त सुविधा प्रदान गरेसँगै पाँच जनाले निःशुल्करूपमा नक्सा पास गराइ घर निर्माण गरिहेको नगरपालिकाले जनाएको छ । नागरिकको आर्थिक समस्यालाई मध्यनजर गर्दै केही सहज बनाउन लागिएको नगरपालिका घर नक्सा निर्माण शाखाका सहायक इञ्जिनियर सञ्जय तिमिल्सेनाले जानकारी दिनुभयो। नागरिकलाई पक्की घर बनाउन आकर्षित गर्ने उद्देश्यले घर बनाउँदा निःशुल्क रुपमा नक्सा निर्माण गरिदिने व्यवस्था छ। निःशुल्क नक्सा कार्यक्रमअन्तर्गत वडामार्फत विपन्नवर्गले घर बनाउन सिफारिस लिएर आए निःशुल्क रुपमा नक्सा निर्माण गरिदिने गरिएको उहाँले बताउनुभयो । वडामार्फत विपन्न वर्गले सिफारिस लिएर आएपछि हामीले उहाँहरुले चाहेको अनुसार नक्सा निःशुल्क रुपमा बनाउने गरेका छौं । उहाँले भन्नुभयो, "दुई,तीन र चार कोठे घरका लागि विभिन्न आठ किसिमका मोडल रहेको छ।"

कतिपय नागरिकले नक्सा बनाउन खर्च धेरै लाग्ने भएका कारण कच्ची घरमै बस्नुपर्ने बाध्यता अन्त्य गर्न पनि नगरपालिकाले नक्सा निर्माण निःशुल्क गरेको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो ।

विभिन्न कन्सलटेन्सीले महङ्गो शुल्कमा घरको डिजाइन बनाइदिने गुनासो आएपछि नगरपालिकाले विपन्न वर्गका व्यक्तिका घरको नक्सा डिजाइन निःशुल्क गरिदिने गरेको उहाँको भनाइ थियो। घर नक्सा शाखा प्रमुख अमित केसीले घरको नक्सा निर्माणका लागि आर्किटेक इञ्जिनियरलाई खटाइएको बताउनुभयो । पक्की घर निर्माणले नगरवासीलाई सुरक्षित बनाउनेछ । उहाँले भन्नुभयो, "विपन्न व्यक्तिले पक्की घर बनाउन चाहेमा घरनक्सा निःशुल्क निर्माण गरिदिने गरेका छौं ।"

# पर्यटक आएपछि सौराहाका व्यवसायी उत्साहित

**पोखरापत्र संवाददाता**
चितवन, १५ साउन

बर्सातसँगै सडक सञ्जाल जोखिम बनिरहँदा समेत चिनियाँसहित अन्य पर्यटक आएपछि सौराहाका होटल व्यवसायी आशावादी बनेका छन् । साउन र भदौ महिना पर्यटनका हिसाबले बेमौसम मानिन्छ । यो समयमा होटलमा काम गर्ने मजदुर, कर्मचारीमध्ये अवस्था हेरेर आधालाई बिदासमेत दिने गरिन्छ । यही समयमा स्वदेशी र विदेशी पर्यटक गत वर्षको तुलनामा बढेपछि व्यवसायी उत्साहित भएका हुन् ।

क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष गङ्गा गिरीका अनुसार अहिले सौराहामा दैनिक एक हजारदेखि एक हजार दुई सयसम्म पर्यटक रहेको अनुमान छ। तीमध्ये आधा विदेशी छन् । विदेशीमा पनि चिनियाँको सङ्ख्या बढ्दो छ । सौराहामा एक सय २५ होटल छन् । ती होटलको क्षमता छ हजार दुई सय जनाको रहेको छ। क्षमताको हिसाबले पर्यटक न्यून भए पनि बेमौसममा समेत आएको यो सङ्ख्याले व्यवसायीलाई उत्साहित बनाएको उहाँको भनाइ छ। यस बेला चितवन राष्ट्रिय निकुञ्जभित्र जङ्गल वाकबाहेकका गतिविधि रोक्ने गरिन्छ। सामुदायिक वनमा सफारीका गतिविधि सञ्चालन हुने गर्दछन् । अहिले दैनिक एक सय जनाभन्दा बढीले हात्ती सफारी गरिरहेको युनाइटेड हात्ती सञ्चालक सहकारी संस्थाका अध्यक्ष ऋषि तिवारीले जानकारी दिनुभयो । यसरी हात्ती चढ्नेमा धेरै विदेशी छन् । कोभिडपछि पहिलोपटक चिनियाँ आएकाले हात्ती सफारीमा उनीहरूको ध्यान बढी हुने गरेको छ । क्षेत्रीय होटल सङ्घका पूर्वअध्यक्ष सुमन घिमिरे सडकको अवस्था राम्रो नहुँदासमेत आएको पर्यटकको यो सङ्ख्यालाई राम्रो मान्नुहुन्छ । कतिपय होटलमा कार्यक्रम चलिरहेका छन् ।

राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा बजारीकरण गर्नसक्ने होटलमा पर्यटक बढी रहेका छन् । उहाँले भन्नुभयो, "विगतको बर्सातको तुलनामा यो वर्ष पर्यटकको सङ्ख्या राम्रो छ। " चिनियाँ आउन थालेकाले अबको हिउँदपछि क्रमश पूर्ववत् अवस्थामा पर्यटन व्यवसाय फर्कनेमा उहाँ विश्वस्त हुनुहुन्छ । होटल व्यवसायी गुणराज थपलियाले यो बेमौसम भएकाले पर्यटक राम्रो छ भन्न नसकिए पनि विगतको भन्दा सुधार हुँदै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्केत राम्रो छ । अबका दिनमा पक्कै पनि पर्यटकको माहोल राम्रो बन्छ ।" विगतको तुलनामा कोभिडको प्रभाव क्रमशः घट्दै गएको उहाँको बुझाइ रहेको छ । यहाँ स्वदेश र विदेशबाट चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा सफारी गर्न पर्यटक आउने गर्दछन् । चितवन देशकै तेस्रो पर्यटकीय गन्तव्य हो । चितवन भित्रने अधिकांश पर्यटकको रोजाइ सौराहा हुने गर्दछ । पछिल्ला वर्षहरूमा खर्चिला पर्यटक पश्चिम चितवनका पर्यटकीय गन्तव्यमा जान रुचाउने गरेका छन् ।

भूकम्प, नाकाबन्दी, कोभिडका कारण थला परेको पर्यटन व्यवसाय क्रमशः पूर्ववत् अवस्थामा फर्कने अपेक्षा व्यवसायीको छ।


## विमा लेख हरायो

एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः निकोल्सन पराजुली
विमा लेख नं. ६५१३००१०६६१
ठेगानाः पोखरा–२३

सम्पर्क :
एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
पोखरा मोः ९८४६०२५१४१

